विष्टलाई आफ्नै विद्यालयमा सम्मान । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१५, अंक-४३ ● २०८० वैशाख २५ गते सोमबार, ● 08 May, 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



## तीनवर्षे बज्रवाराही जात्रा मनाईंदै



◆ विकास संवाददाता

मकवानपुरको ऐतिहासिक नगर टिस्टुङ बज्रबाराहीमा प्रत्येक तीनतीन वर्ष हुने बज्रबाराहीको जात्रा मनाइएको छ । तीन दिनसम्म लागेको जात्राको विधिवत रूपमा २३ वैशाखमा शुरू भएको हो । प्रत्येक ३ वर्षको अन्तरालमा वैशाख पूर्णिमाको शनिबार पारेर जात्राको सुरूवात हुने यहाँको परम्परा छ । कोरोना महामारीका कारण दुई पटक स्थगित भएको जात्रा यस पटक विशेष रूपमा लिइएको छ ।

थाहा नगरपालिका ६ नं वडा कार्यालय र स्थानीय गुठी व्यवस्थापन समितिले यात्राको व्यवस्थापन गरिरहेको छ । तान्त्रिक विधि अनुसार पुजा आजा गर्नुका साथै टिस्टुङ क्षेत्रको इस्ट देवता नै बज्रबाराही भएकाले बज्रवाराहीलाई खुसी पार्दा, आराधाना गर्दा मात्र मानव कल्याण हुन्छ भन्ने जनविश्वास छ । सामान्य अवस्थामा दैनिक सयौं भक्तालुको सहभागिता रहने जात्रा यो वर्ष भने झनै भव्य रूपमा शुरू भएको हो । गुठीको नाममा रहेको २ सय ४ रोपनी जग्गाको आयस्रोतले जात्रा र गुठी संचालन हुँदै आएको थियो । नेपालमा मानिने तीन जिवित देवताहरूमध्ये बज्रबाराही जात्राका धामी एक रहेको बताइएको छ ।

बज्रबाराही अजिमा यहाँको प्रमुख संरक्षक देवता हुन् भने बज्रबाराही जात्रा यहाँको प्रमुख जात्रा हो । जात्रामा यहाँका सबैले आ-आफ्नै भेषभुषा, संस्कृति र बाजागाजाका साथ रमाईलो गरी सहभागि जनाउँछन् । जात्रा संचालन र ब्यवस्थापनका लागि १३ वटा गुठीहरू समेत संचालनमा छन् । एउटा गुठी नेपाल सरकारका नाममा समेत संचालित छन् । गणेश गुठी, कुमारी गुठी, बाराही गुठी, ईन्द्रायणी गुठी, भैरव गुठी, बाजा ब्यवस्थापन गुठी लगायतका गुठीहरू छन् ।

## कैलाशमा नि:शुल्क स्वास्थ्य शिविर

◆ विकास संवाददाता

मकवानपुरको विकट कैलाश गाउँपालिका वडा नम्बर ५ स्थित गोगने चौकीटारमा स्वास्थ्य शिविर भएको छ । शिविरमा करिब ३ सय जना स्थानीयले विभिन्न किसिमका स्वास्थ्य परीक्षण गर एका छन् ।

२० वैशाखमा गोगने स्वास्थ्य चौकीमा आयोजना गरिएको स्वास्थ्य शिविरमा दन्त रोगसम्बन्धी उपचार, प्रजनन् स्वास्थ्य सेवा, परिवार नियोजन सेवा, अस्थायी परिवार नियोजन सेवा, पाठेघरको मुखको जाँच, जनरल स्वास्थ्य परीक्षण, गर्भवती महिलाको भिडियो एक्सरे सेवालगायतको स्वास्थ्य सेवा प्रदान गरिएको थियो । शिविरमा कैलाश अस्पतालमा कार्यरत जनरल फिजिसियन डाक्टर सन्तोष साह, हेटौंडाबाट लगिएको दन्तरोग विशेषज्ञ मोहम्मत करिम आलमलगायत स्वास्थ्य टोलीले स्वास्थ्य सेवा प्रदान गरेका थिए । शिविरमा आरती फार्मेसी हेटौंडाले दन्तरोग विशेषज्ञसहित औषधि सहयोग गरेको थियो । कैलाश-५ का वडा अध्यक्ष छेकु लामाको अध्यक्षतामा भएको शिविर उद्घाटन कार्यक्रममा कैलाश गाउँपालिका अध्यक्ष लोक मुक्तानको प्रमुख आतिथ्यता थियो ।

शिविर उद्घाटनमा बोल्दै अध्यक्ष मुक्तानले विकट गाउँमा रहेका स्थानीयलाई गाउँघरमै उपचार सेवा प्रदान गर्न शिविरको आयोजना गरिएको बताए । सामान्य रोग लाग्दा पनि धेरै खर्च गरेर हेटौंडा वा पालुङको स्वास्थ्य संस्थामा जानुपर्ने बाध्यतालाई मध्यनजर गर्दै गाउँपालिकाले शिविरको आयोजना गरेको उनले बताए । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत अशोक विष्ट, लगायतले मन्तव्य व्यक्त गरेका थिए

## स्थानीय उत्पादन, थाहाको कोशेली

विकास संवाददाता
थाहानगर



यहि २० वैशाखमा थाहा नगरपालिकाका एक कर्मचारीको विदाइ थियो । प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा भएको विदाइ समारोहमा नगर उपप्रमुख भरत गोपालीले मायाको चिनोस्वरूप बाँसको फूलदानी प्रदान गरेर कर्मचारीलाई विदाइ गरे । प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले अविर र खादा लगाइदिए ।

थाहानगर कार्यपालिकामा मायाको चिनोस्वरूप नगरकै उद्यमीहरूले उत्पादन गरेको सामान प्रदान गरिएको यो पहिलोपटक भएको जानकारहरू बताउँछन् । थाहा नगरपालिकाका सूचना अधिकारी सुरजकुमार भुजेलका अनुसार यसअघि थाहा नगरपालिकाका पर्यटकीय स्थलहरूको फोटो बनाएर बाहिरबाट झिकाइएको फ्रेममा राखेर मायाको चिनो प्रदान गर्ने गरिएको थियो । २० वैशाखमा कर्मचारी बिदाइमा प्रदान गरिएको बाँसको फूलदानी भने थाहा-४ ठूलोमाखुका लालीगुराँस महिला उद्यमी समूहले निर्माण गरेको हो । भक्तपुर नगरपालिकाबाट हालै थाहा नगरपालिका सरूवा भई आएका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले आफू भक्तपुरमा रहँदा कुनै पनि कार्यक्रममा भक्तपुरकै स्थानीय उत्पादनलाई मायाको चिनोको रूपमा प्राथमिकता दिने गरेको अनुभव सुनाए । उनले भने-'थाहा नगरपालिकालाई चिनाउने र नगर पालिकामा उत्पादन भएका सामानहरूलाई प्राथमिकता दिनुपर्छ, यसको अगुवाई नगरपालिकाले गर्छ ।'

नगरपालिकाका कार्यक्रमहरूमा मायाको चिनो प्रदान गर्दा वा कोशेलीको रूपमा कुनै सामान प्रदान गर्दा स्थानीय उत्पादनलाई प्राथमिकता दिँदा स्थानीय उद्यमीहरूलाई थप हौसला मिल्ने, थप रोजगारी तथा स्वरोजगारीको विकासमा मद्दत पुग्ने, स्थानीय सीपको कदर हुने, बजारीकरणमा टेवा पुग्ने र पूँजी बाहिर नजाने भएकोले धेरै कोणबाट लाभदायी हुने प्रमुख प्रशासकीय अधिकृत गिरीको विश्वास छ । थाहा नगरपालिकाबाट पाहुनाहरूलाई यहाँ उत्पादित आलु, मूला, काउली, बन्दा जस्ता तरकारी पठाउने चलन पुरानै हो । सिजनमा थाहाबाट हेटौंडा-काठमाडौं चल्ने बस तथा सुमोको हुडमा समेत पाहुनालाई पठाइएका तरकारीजन्य कोशेलीहरू अटाइ-नअटाइ देखिन्छन् ।

औपचारिक कार्यक्रममा मुख्य अतिथि र अन्य अतिथिहरूलाई कोशेली वा मायाको चिनो प्रदान गर्दा भने नगर बाहिरबाट आयात गरिएका सामानहरू प्रदान गरिँदै आएको पालुङ जेसीज २०२३ का अध्यक्ष संगम कार्की बताउँछन् । स्थानीय उद्यमीहरूद्वारा उत्पादित सामानहरूको बजारीकरणसम्बन्धी कार्यक्रममा बोल्दै कार्कीले भने-'जेसीजको प्रत्येकजसो कार्यक्रममा मायाको चिनो आदानप्रदान हुनेगर्छ, अहिलेसम्म मायाको चिनो नगर बाहिरबाटै झिकाउने गरि एकोमा अब हामी यहीँको उत्पादनलाई जोड दिन्छौं ।'

नगर कार्यपालिका अर्थात् स्थानीय सरकारले नै स्थानीय उत्पादनलाई प्राथमिकता दिने भएपछि नगरमा क्रियाशील सहकारी, शैक्षिक संस्था, उद्योग प्रतिष्ठान, गैरसरकारी संस्था आदिका कार्यक्रमहरूमा पनि यसको सकारात्मक प्रभाव पर्ने देखिएको छ । थाहा होटल एशोसिएसनका अध्यक्ष शिबकुमार खत्रीले स्थानीय उद्यमीहरूले उत्पादन गरेको सामग्रीहरू विक्रीका लागि थाहा नगरका होटल, रेस्टुरेन्ट तथा रिसोर्टहरूमा छुट्टै 'कर्नर' स्थापना गर्नेगरी छलफल भइरहेको बताए । 'थाहानगर घुम्न आउने पर्यटकहरू थाहानगर चिनाउने सामग्री लैजान चाहन्छन्, यता लघु उद्यमीहरूले राम्रो सामान बनाउँछन् भने विक्रीका लागि हामी सहयोग गर्छौं', खत्रीले भने ।

थाहा नगरपालिकामा परम्परागत रूपमा रहेका कतिपय हस्तकला लोप भएर जाने खतरा बढिरहेको बेला त्यस्ता हस्तकलाको संरक्षण गर्ने र लघुउद्यमशीलताको माध्यमबाट नगरबासीको आयआर्जनमा समेत टेवा पुऱ्याउन विगत ३ वर्षदेखि लघु उद्यम विकास कार्यक्रम सञ्चालन हुँदै आएको छ । लघुउद्यमीहरूले नगरको टिस्टुङमा सिस्नुको पाउडर, गलैँचा, बाँसको मुडा, उनका कपडा बनाउने सीप सिकेर उत्पादन गर्दै आएका छन् । त्यस्तै वडा नम्बर २ मा महिलाहरूले जुत्ताचप्पल बनाएर विक्री गरिरहेका छन् ।

वडा नम्बर ३ मा चालु आर्थिक वर्षमा डल, कुशन, अचार बनाउने सीप सिकेर उत्पादन तथा विक्री शुरू गरिएको र वडा नम्बर ४ मा बाँस र निगालोको मुडा, फुलदानी, फोटो फ्रेम, ऱ्याक, कलमदानी आदि उत्पादन भइरहेको थाहा नगरपालिका गरिवी निवार णका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)का अधिकृत कुमार नेगीले जानकारी दिए ।

अब थाहानगरमै उत्पादन भएको अल्लोको कपडा थाहानगर चिनाउने कोशेलीको रूपमा पठाउन सकिने मेड्पाका लघु उद्युम सहजकर्ता दिक्षा पाण्डेले बताइन् । थाहा-३ मा अल्लोको कपडा बुनाइ तालिम सकिएको र अब व्यवसायिक उत्पादनको चरणमा रहेको उनले जानकारी दिइन् । थाहा नगरपालिकामा स्थानीय उत्पादन विक्रीका लागि वडा नम्बर ४ नयाँगाउँमा कोशेली घरसमेत सञ्चालनमा रहेको छ । त्यस्तै वडा नम्बर ३ मा उद्यमी घर स्थापना गर्न लागिएको उद्यम विकास सहजकर्ता सुनिता बुढाको भनाइ रहको छ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

### शैक्षिक गुणस्तरमा ध्यान देउ

आउँदो वैशाख २६ गतेबाट कक्षा १२ को अन्तिम परीक्षा शुरु हुँदै छ ।कक्षा १२ लाई विद्यालयतहको अन्तिम परीक्षाको रुपमा लिने गरिन्छ । यसअघि कक्षा १० मा विद्यालय छाड्ने अन्तिम खुड्किलोको रुपमा एसएलसी परीक्षा गराउने गरिएकोमा संशोधित पाठ्यक्रमअनुसार कक्षा १० मा एसइई र कक्षा १२ मा विद्यालयतहको अन्तिम परीक्षाको रुपमा लिने गरिएको छ । विद्यालयतहको अन्तिम परीक्षा भएकाले यसमा विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालयको चासो बढी हुनु अस्वाभाविक होइन । परीक्षालाई स्वस्थ र मर्यादित बनाउन सके यथार्थपरक नजिता आउने भएकाले पनि यसतर्फ सरोकारवालाको ध्यान जानु आवश्यक हुन्छ । पहिलेको तुलनामा परिवर्तित पाठ्यक्रममा मूल्यांकन प्रणाली फेरिएको छ । हरेक विषयमा २५ प्रतिशत आन्तरिक मूल्यांकनको विधि अपनाइएको छ । हरेक विषयमा विद्यार्थीले वर्षभरि गरेको क्रियाकलापको आधारमा २५ प्रतिशत मूल्यांकन गर्ने आधारले केही सुधारको सम्भावना बढाएको छ । यतिले मात्र पुग्दैन, परीक्षण प्रणालीलाई घोकेन्ते होइन पूरै व्यवहारिक बनाउन आवश्यक छ, यसले मात्रै सिकाइ उपलब्धि बढाउन सम्भव हुन्छ । अब कति विद्यार्थी उत्तीर्ण भए भन्ने ठूलो कुरा होइन, उत्तीर्ण भएकाहरुले पढाइलाई कति धेरै जीवन व्यवहारसँग जोडे भन्ने महत्वपूर्ण कुरा हो ।

देशको शैक्षिक गुणस्तरको अवस्था पहिलेको भन्दा फेरिएको छ र थोरै भए पनि व्यवहारिक बन्दै गएको छ । तर अझै पनि शिक्षा क्षेत्रमा धेरै समस्या जेलिएर बसेका छन् । दूरदर्शी शैक्षिक नेतृत्व, चुस्त व्यवस्थापन, समर्पित शिक्षक, अनुशासित विद्यार्थी, सचेत अभिभावक, समसामयिक शिक्षा नीति तथा पाठ्यक्रम आदि धेरै क्षेत्रको सन्तुलन मिल्न सक्यो भने मात्रै शैक्षिक गुणस्तर राम्रो हुनेछ । नमूनाकै रुपमा भए पनि विस्तारै विद्यालयहरुमा आकर्षण बढ्न थालेको छ । भर्खरै मात्र भर्ना अभियान सकिएको छ । देशका विभिन्न स्थानमा सामदायिक विद्यालयमा सबै विद्यार्थीले भर्ना पाउन नसकेको र प्रवेश परीक्षा उत्तीर्ण गर्नुपरेका खबर सार्वजनिक भएका थिए । औसत विद्यालयहरुको अवस्था हेर्दा यो अनौठो जस्तो लाग्छ तर अब विस्तारै देशभरिका सामुदायिक विद्यालयहरुमा यसरी नै विद्यार्थी आकर्षण बढाउँदै लैजानुपर्छ । हामीले लामो समयदेखि के भन्दै आयौं भने सबै नीतिको मूल नीति राजनीति हो, त्यसैले शिक्षा क्षेत्रको सुधारका लागि पनि राजनीति सुक्नुपर्छ । राजनीतिले शिक्षा क्षेत्रको सुधारका लागि नेतृत्व गर्नु राम्रो हो तर शिक्षा क्षेत्रमै दलीय प्रतिस्पर्धा गरेर शैक्षिक गतिविधिलाई ओझेलमा पार्ने काम गर्नुहुँदैन ।

कतिपय ठाउँमा विद्यालय व्यवस्थापन समिति गठनमा राष्ट्रिय चुनाव जस्तै प्रतिस्पर्धा हुन्छ । यसबाट हामीले चाहेको शैक्षिक सुधार हुँदैन बरु थप बिग्रदै जान्छ । यसमा समुदायका सचेत तप्काले सार्थक हस्तक्षेप गर्न जरुरी छ । शिक्षित, सचेत र आर्थिक अवस्था राम्रो हुने नागरिकले समेत आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा पढाउने र त्यहाँको गुणस्तर सुधार गर्नेतर्फ लाग्ने हो भने परीक्षाको बेलामा मात्रै नतिजा खोज्ने स्थितिको अन्त्य हुनेछ । विद्यार्थीको परीक्षा र नतिजाको आसपासमा मात्रै शैक्षिक बहस गर्ने र बाँकी समय चुप लाग्ने होइन, शैक्षिक सुधारका लागि निन्तर प्रयास आवश्यक छ । अहिले विद्यालय शिक्षाको अभिभारा स्थानीयतहमा गएकाले हरेक तहबीच शैक्षिक गुणस्तर सुधारका लागि प्रतिस्पर्धा हुनु आवश्यक छ ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



# उपभोक्ता अधिकारबारे सचेतना

उपभोक्ता अधिकारसँग सम्बन्धित जानकारीमूलक सूचनाहरु रेडियो, टेलिभिजन, पत्रपत्रिकाका साथै विभिन्न सामाजिक सञ्जालको माध्यमबाट सम्बन्धित उपभोक्तासम्म पुर्याउन प्रयास गर्नुपर्नेछ । सरकारले उचित तवरले बजार अनुगमन गर्नुपर्ने र यस क्रममा भेटिएका प्रमाणबाट गुण र दोषको आधारमा सम्मान र सजायको व्यवस्था गरी सुशासनको पालना गरेको खण्डमा उपभोक्ता अधिकारले मूर्त रुप प्राप्त गर्ने विश्वास गर्न सकिन्छ ।

◆ धर्मराज भट्टराई

कुनै पनि वस्तु तथा सेवाको उत्पादन अन्तिम रूपमा उपभोक्ताको हातमा पर्छ । उपभोक्ताले उक्त वस्तु तथा सेवाको उपभोग गरी आफ्ना इच्छा र आवश्यकताहरू परिपूर्ति गर्ने गर्छन् । स्वभावतः हरेक उपभोक्ताको प्रमुख उद्देश्य आफ्नो सीमित आम्दानीबाट अधिकतम सन्तुष्टि प्राप्त गर्नु हुन्छ ।

अब प्रश्न उठ्छ, के सबै उपभोक्ताले आफूले जुन उद्देश्यका साथ वस्तु तथा सेवा खरिद गरेका हुन्छन्, ती उद्देश्यहरू पूरा भएका छन् त ? के उनीहरूले आफूले सोचेअनुरूप सही मूल्यमा वस्तु तथा सेवाहरू प्राप्त गरेका छन् त ? यदि सकेका छैनन् भने यसको निवारणका लागि उनीहरूले के गर्न सक्छन् त ? यसबारे धेरै उपभोक्ता अनभिज्ञ देखिन्छन् । हरेक मुलुकमा उपभोक्ताको हक–अधिकारको संरक्षण गर्ने उद्देश्यले विभिन्न नीति, नियम तथा कानुनहरूको व्यवस्था गरिएको हुन्छ । यसबारे आमउपभोक्ता सुसूचित हुनु जरूरी छ ।

उपभोक्तालाई अर्थतन्त्रको प्रमुख अभिकर्ताका रूपमा हेरिन्छ । हाल प्रचलित बजार अर्थतन्त्रमा उपभोक्तालाई सार्वभौम मान्ने गरिन्छ । उपभोक्ताको माग र रूचिले सम्पूर्ण बजारलाई सञ्चालन गरेको हुन्छ । कुनै पनि मुलुकको आर्थिक अवस्था त्यहाँ उत्पादित वस्तु तथा सेवा र त्यसको उपभोगको स्तरले निर्धारण गर्छ । तसर्थ, उपभोक्ताको उचित तवरले संरक्षण हुनुपर्छ भन्ने हेतुले सन् १९६२ मार्च १५ मा पहिलो पटक तत्कालीन अमेरिकी राष्ट्रपति जोन अफ केनेडीले अमेरिकी कंग्रेसमा 'कन्जुमर बिल अफ राइट्स' लगेका थिए ।

त्यसमा उपभोक्ताका चार अधिकार सुरक्षा, सूचना, छनोट र सुनुवाइको अधिकार प्रस्तुत भएको थियो । त्यो नै उपभोक्ता अधिकारको विषयमा पहिलो पटक बोलिएको आवाज थियो । त्यसैको सम्झनामा हरेक वर्ष १५ मार्चमा उपभोक्ता अधिकार दिवस मनाउने गरिन्छ । यसलाई निरन्तरता दिँदै सन् १९८५ मा संयुक्त राष्ट्रसंघको महासभाबाट थप चार अधिकार– आधारभूत आवश्यकता पूरा गर्ने अधिकार, निवारण गर्ने अधिकार, उपभोक्ता शिक्षाको अधिकार र स्वस्थ वातावरणको अधिकार समावेश गरी उपभोक्ताका कुल आठ अधिकारलाई सूचीकृत गरिएको छ ।

नेपालमा उपभोक्ता अधिकारको इतिहास हेर्ने हो भने मल्लकालीन राजा जयस्थिति मल्लको समयमा मानापाथीको सुरूवात गरेर एउटै मापन प्रणालीको विकास गरेको देखिन्छ । यसबाट उपभोक्ताहरू केही हदसम्म मापन प्रणालीमा हुन सक्ने अनियमितताको सम्भावनाबाट जोगिन पुगेका थिए । ऐनको रूपमा पहिलो पटक उपभोक्ता संरक्षण ऐन, २०५४ बनेको पाइन्छ । यसपछि २०५६ मा नियमावली बनाएर कार्यान्वयन अघि बढाएको देखिन्छ ।

वर्तमान संविधान २०७२ को धारा ४४ को १ मा उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ र भाग २ मा गुणस्तरहीन वस्तु तथा सेवाले आघात पुगेको खण्डमा क्षतिपूर्तिको व्यवस्था हुनेछ भनेर उल्लेख गरिएको छ । यो मौलिक हकलाई कार्यान्वयन गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ समेत बनेको छ । यो ऐन परिच्छेद–२ को उपभोक्ता संरक्षणसम्बन्धी व्यवस्थाअन्तर्गत उपभोक्ताको अधिकारमा जम्मा नौवटा अधिकार सूचीकृत गरिएको छ । उपभोक्तालाई वस्तु वा सेवामा सहज पहुँच, वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानीविरूद्ध क्षतिपूर्ति, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनोट, मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदिबारे सूचित हुनेजस्ता अधिकारहरू यसमा समावेश गरिएका छन् ।

उपभोक्ताले वस्तु तथा सेवा खरिद एवम् उपभोगका बखत आफूले प्राप्त गर्ने अधिकार नपाएको खण्डमा यसविरूद्ध उजुरी गर्ने प्रावधानसमेत र हेको छ । साबिकको उपभोक्ता संरक्षण ऐन, २०५४ मा उजुरीका लागि जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन मिल्ने भनी उल्लेख गरिएको छ । तर, पछिल्लो समयमा उपभोक्ता संरक्षण ऐन, २०७५ को ४१ मा उपभोक्ता अदालतसम्बन्धी व्यवस्थाको परिकल्पना गरिएको छ । जहाँ उपभोक्ताका गुनासोको अदालती सुनुवाइ गरी दोषीमाथि कारबाही गरिने उल्लेख छ ।

यसका साथसाथै गुणस्तर तथा नापतौल विभाग, खाद्य तथा गुण नियन्त्रण विभागजस्ता अन्य सम्बन्धित निकायमा समेत उजुरी दिन सकिने व्यवस्था र हेको जनाइएको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गठन गरेका निकायहरूले समेत उपभोक्ता अधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख छ ।

उपभोक्ता अधिकारका लागि विभिन्न ऐन, अदालत, विभाग आदि गठन गरिएका भनिए पनि व्यावहारिक रूपमा भने परिणाममुखी कार्यान्वयन हुन सकेको देखिँदैन । पछिल्लो तथ्यांकअनुसार उपभोक्ताको उजुरी पर्ने क्रम बढेको छ, तर उपभोक्ताहरूले समयमै न्याय नपाएको गुनासो पनि बढेको छ । मुलुकका अन्य निकायहरूमा जस्तै यी निकायमा पनि भ्रष्टाचारको गन्ध देखिन थालेको आरोप छ । बजार अनुगमन नियमित हुन नसक्नु, भएका अनुगमन पनि फितलो हुनु, दोषीलाई उचित कारबाही हुन नसक्नु, राजनीतिक हस्तक्षेप हुनु, प्राविधिक जनशक्तिको आभाव हुनु, कर छली र कालोबजारीले प्रश्रय पाउनु, खुला सिमाना आदि कारणले बजारमा उपभोक्ता अधिकार ओझेलमा परेको देखिन्छ ।

हालको बजारको स्थिति हेर्ने हो भने दैनिकजसो वस्तु तथा सेवा खरिद गर्ने उपभोक्ताहरू कुनै न कुनै रूपमा आफूहरू असन्तुष्ट रहेको प्रतिक्रिया दिने गरेका छन् । वस्तु तथा सेवाको मूल्यमा, गुणस्तरमा, स्वच्छतामा, उपलब्धतामा, वैधता मिति, मिसावट आदिमा उपभोक्ताहरूले गुनासो गरिरहेका भेटिन्छन् । विक्रेताहरूले मूल्यसूची नै नराखी वस्तु तथा सेवामा अंकित मूल्यभन्दा बढी लिएका, एउटा वस्तु भनेर अर्कै कमसल वस्तु बिक्री गरेका, विषादीयुक्त फलफूल तथा तरकारीजन्य वस्तुहरूको बिक्री–वितरणजस्ता घटनाहरू छ्यापछ्याप्ती भेटिन्छन् ।

कहिले भोजभतेरमा खाना खाएका सबै बिमारी भएका समाचारहरू प्रकाशित हुन्छन्, कहिले म्याद गुज्रिएका औषधि सेवनबाट मृत्यु भएका खबरहरू बाहिरिन्छन् । राजमार्गका होटलदेखि पाँचतारे होटलसम्म ठगिएका गुनासाहरू उपभोक्ताले गर्ने गरेका छन् । यस्ता गुनासाहरू बारम्बार दोहोरिए पनि अधिकांशले यसविरूद्ध कानुनी उपचार खोज्ने गरेको देखिँदैन । कतिपय यस्ता उपचारबारे अनभिज्ञ छन् भने कति उपभोक्ताहरू जानकार भएर पनि बेवास्ता गरेको पाइन्छ ।

कानुनमा उपभोक्ताका जतिसुकै अधिकारको व्यवस्था गरिए पनि उपभोक्ता आफैं सचेत नभएसम्म यसबाट अपेक्षित लाभको आशा गर्न सकिन्न । यसर्थ, उपभोक्ता अधिकार प्राप्त गर्न उपभोक्ता आफैं पनि चनाखो हुनुपर्ने देखिन्छ । कुनै पनि वस्तु तथा सेवा खरिद गरी त्यसको गुण र दोष पहिल्याउने अधिकार स्वयम् उपभोक्तासँग हुन्छ । यसको उचित लेखाजोखा गरी आफ्नो अधिकारका लागि उपभोक्ता नै अगाडि बढ्नुपर्ने देखिन्छ । वस्तु तथा सेवा खरिद गर्दा उत्पादन र परिपक्वता मिति, नाप, तौल, गुणस्तर, उत्पादकको लेखाजोखाका साथसाथै आफूले प्राप्त गर्नुपर्ने बिलबिजकसमेत संकलन गर्नु उपभोक्ताको कर्तव्य हो । यसले एकातिर सरकारी राजस्व वृद्धिमा टेवा पुग्छ भने अर्कातर्फ विक्रेतालाई समेत जिम्मेवारी बन्न बाध्य बनाउँछ ।

उपभोक्ता हकसँग सम्बन्धित जिम्मेवार सरकारी निकायहरूले पनि परिणाममुखी कार्ययोजना तयार गरी बजार अनुगमनदेखि वस्तु तथा सेवाको गुणस्तरको मापनमा उचित ध्यान दिनु जरूरी छ । समयको मागसँगै भौतिक रूपमा उपस्थित हुने उपभोक्तादेखि डिजिटल उपभोक्ताहरूको हक–अधिकार लाई समेट्ने गरी उपभोक्ता अधिकारसँग सम्बन्धित ऐन–कानुनहरूमा परिमार्जन गर्दै लानुपर्ने आवश्यकता देखिएको छ ।

यसैगरी उपभोक्ता अधिकारसँग सम्बन्धित जानकारीमूलक सूचनाहरू रेडियो, टेलिभिजन, पत्रपत्रिकाका साथै विभिन्न सामाजिक सञ्जालको माध्यमबाट सम्बन्धित उपभोक्तासम्म पुर्याउन प्रयास गर्नुपर्नेछ । सरकारले उचित तवरले बजार अनुगमन गर्नुपर्ने र यस क्रममा भेटिएका प्रमाणबाट गुण र दोषको आधारमा सम्मान र सजायको व्यवस्था गरी सुशासनको पालना गरेको खण्डमा उपभोक्ता अधिकारले मूर्त रूप प्राप्त गर्ने विश्वास गर्न सकिन्छ ।

# बिस्कुट स्वास्थ्यका लागि कति फाइदाजनक ?



धेरै नेपालीको बिहानको सुरूवात चिया र बिस्कुटबाट हुन्छ । बालबच्चाको पनि मुख्य रोजाइमा यो पर्छ । कोही बिरामीलाई भेट्न जाँदा पनि हामी प्रायः बिस्कुट लिएर जान्छौं । बिस्कुट उपभोग गर्नेहरूको संख्या निकै भएकाले बजारमा पनि विभिन्न प्रकारका बिस्कुट पाइन्छन् । ती बिस्कुटमध्ये पनि डाइजेस्टिभ बिस्कुट स्वस्थकर भनेर खोजीखोजी खाने गरेको पाइन्छ ।

### बिस्कुट स्वस्थकर छ त ?

'बिस्कुट कार्बोहाइड्रेटको राम्रो स्रोत हो । यसमा केही मात्रा प्रोटिन र मिनरल्स पनि हुन्छ,' पोषणविद् सञ्जय महर्जन भन्छन्, 'एकदमै भोक लागेको बेला बिस्कुट खाइयो भने यसले भोक मेटाउँछ । तर कस्तो बिस्कुट खाने, कति मात्रामा खाने भन्ने कुरामा भने ध्यान दिनुपर्छ ।' बिस्कुटमा हुने सबैभन्दा खराब तत्त्व ट्रान्स फ्याट हो । साथै यसमा गुल्टेन, चिनी र पिठो मिलेर बनेको हुन्छ । साथै यसलाई प्रसोधन गरेर लामो समय टिक्ने गरी प्याकेटमा प्याक गरिन्छ । दैनिक रूपमा बिस्कुट खाँदा स्वास्थ्य लाभ भन्दा हानि हुने महर्जन बताउँछन् ।

### बिस्कुटले स्वास्थ्यमा गर्ने नकारात्मक असर

#### मुटुको समस्या

बिस्कुटमा हुने ट्रान्स फ्याटले कोलेस्टेरोल बढाउँछ र हृदयरोग निम्त्याउँछ । साथै उच्च रक्तचापका बिरामीमा रक्तचाप बढाउन सक्छ । त्यसैले मुटुरोगबाट पीडित व्यक्तिले दैनिक बिस्कुट सेवन गर्न नहुने उनी बताउँछन् ।

#### सुगर लेभल बढाउँछ

बिस्कुटमा चिनी प्रचूर मात्रामा हुन्छ, यसले शरीरमा सुगर लेभल बढाउँछ । त्यसैले मधुमेहको समस्या भएका व्यक्तिले पनि बिस्कुटको सेवन गर्नु लाभदायक हुँदैन । दैनिक लामो समय बिस्कुट खाँदा मधुमेहका जोखिम पनि बढ्न सक्ने महर्जन बताउँछन् ।

#### मोटोपन

दैनिक बिस्कुट खाँदा मोटोपन छिटो बढ्न सक्ने महर्जन बताउँछन् । 'यसमा धेरै क्यालोरी हुन्छ । किनकि बिस्कुट पनि एक प्रकारको जंकफुड हो । त्यसैले बिस्कुट खाँदा तपाईंलाई प्राकृतिक रूपमा भोक कम लाग्छ । साथै यसको ट्रान्स फ्याट, पिठो र चिनीले तपाईंको तौल बढाउँछ ।'

#### पेटसम्बन्धी समस्या

प्रायः बिस्कुटहरू मैदाबाट बनेको हुन्छ । त्यसैले बिस्कुटमा फाइबरको मात्रा लगभग हुँदैन । दैनिक बिस्कुट खाँदा कतिपयलाई कब्जियतको समस्या हुन सक्छ । साथै बिस्कुटको धेरै सेवनले मेटाबोलिजमलाई सुस्त बनाउने महर्जन बताउँछन् ।

### अन्यभन्दा डाइजेस्टिभ बिस्कुट स्वास्थ्यकर हो ?

अन्यको तुलनामा डाइजेस्टिभ बिस्कुट स्वास्थ्यका लागि केही मात्रामा राम्रो हो । यसमा प्रोटिन र फाइबर हुन्छ । यद्यपि यसमा नुन, चिनी, ट्रान्स फ्याट भने हुन्छ । जसले स्वास्थ्यमा नकारात्मक असर गर्ने पोषणविद् महर्जन बताउँछन् ।

'डाइजेस्टिभ बिस्कुटमा हुने ट्रान्सफ्याट, नुन र चिनीले पनि उच्च रक्तचाप, मधुमेह र मुटु रोगको जोखिम बढाउँछ,' उनी भन्छन्, 'अन्य बिस्कुटजस्तै डाइजेस्टिभ बिस्कुटलाई पनि लामो समय टिकाउन प्रिजर्भेटिभहरू थपिन्छन् । यसमा उच्च सोडियम पनि हुन्छ ।'

# दैनिक कति पानी पिउने ?



पानीबिना जीवनको कल्पना पनि हुँदैन । मानव शरीरको ७० प्रतिशत भाग पानीले ओगटेको हुने वैज्ञानिकहरू बताउँछन् ।

पानी पिउनु स्वास्थ्यका लागि अतिआवश्यक हुन्छ । पानीले शरीरलाई हाइड्रेट राख्छ र फोहोरलाई बाहिर निकाल्न मद्दत गर्छ । तर दैनिक कति पानी पिउने ? यो प्रश्नको जवाफ भने एउटै आउँदैन । पानी कुन बेला पिउने भन्नेमा एउटै धारणा हुँदैन ।

### शरीरको लागि आवश्यक पानी

पानीले शरीरमा तापमान नियमित गर्नेदेखि जोर्नीहरूको नरमपन कायम राख्नेसम्म काम गर्छ । साथै, शरीरभित्र हुने रासायनिक प्रतिक्रिया पानीबिना हुँदैन । पसिना र पिसाबको माध्यमबाट हाम्रो शरीरबाट पानी निस्किरहेको हुन्छ । त्यसैले शरीरलाई आवश्यक पर्ने पानीको मात्रा कायम गरिराख्नुपर्छ । जसले शरीरमा विभिन्न रोगको आक्रमणबाट जोगाउन सक्छ ।

### पानी कति पिउने

दैनिक कति पानी पिउने भन्ने कुरा मौसम र व्यक्तिको कामले फरक पर्छ । जाडोमा कम र गर्मीमा बढी पानी पिउने गरिन्छ । साथै कोठामा काम गर्ने र बाहिर घाममा काम गर्ने व्यक्तिले पनि पिउने पानीको मात्रा फरक हुन्छ ।

सामान्यतया २४ घण्टामा तीनदेखि पाँच लिटर पानी पिउनुपर्छ । कति पिउनेभन्दा पनि दैनिक कति पिसाब बन्नुपर्छ भन्ने कुरा अझै महत्त्वपूर्ण हो । २४ घण्टामा दुई लिटर पिसाब आउनुपर्छ ।

### पानी पिउने समय

बिहान खाली पेटमा एक लिटर पानी पिउनुपर्छ । यसले रातभरि शरीरमा भएको पानीको कमीलाई पूर्ति गर्छ । त्यसको बिहान पानी पिउँदा मलमूत्र निष्कासनमा पनि सहज हुन्छ ।

खाना खाने बित्तिकै पानी पिउनु हुँदैन । खाना खानुभन्दा आधा घण्टाअघि र खाना खाएको आधा घण्टापछि मात्र पानी पिउनुपर्छ ।

एकै पटक धेरै पानी पिउनु हुँदैन, थोरै-थोरै गरेर पिउनु राम्रो हुन्छ । दुई-दुई घण्टाको अन्तरालमा एक गिलास पानी पिउनुपर्छ । यदि त्यस्तो मिल्दैन भने बिहान खाली पेटमा र बेलुका कार्यालय वा कामबाट फर्किएपछि एक लिटर पानी पिउनुपर्छ ।

### कस्तो पानी पिउने ?

शरीरको तापक्रमअनुसार मनतातो पानी पिउनु राम्रो हो । जाडो मौसममा बिहानको समयमा अलिअलि तातो पानी पिउनु राम्रो हो भने गर्मीमा 'रूम टेम्प्रेचर' अनुसारको पानी पिउनुपर्छ ।

सकेसम्म धेरै चिसो र धेरै तातो पानी पिउनु हुँदैन । धेरै चिसो पानी पिउँदा चिसो लाग्ने, टन्सिल हुने लगायत समस्या हुन्छ । धेरै तातो पानी पिउँदा त्यो पानीलाई शरीरको तापक्रमसँग मिलाउन शरीरलाई धेरै ऊर्जा खर्च गर्नुपर्छ । त्यसैले रूम टेम्प्रेचर अनुसारको पानी पिउनु बढी उपयोगी हुन्छ ।

### शरीरमा पानीको कमी हुँदा देखापर्ने समस्या

शरीरमा पानीको कमी हुँदा तत्कालीन र दीर्घकालीन रूपमा विभिन्न समस्या देखा पर्न सक्छन् । डिहाइड्रेसन, टाउको दुखाइ, कब्जियत, युरिक एसिड, ग्यास्ट्रिक, पिसाबको इन्फेक्सन, पाचन प्रक्रियामा असन्तुलन लगायत समस्या पानीको कमीले देखिन्छन् ।

दीर्घकालीन रूपमा मिर्गौलाको पत्थरी, युरिक एसिड, मुटुको रोग, छालाको चाउरीपन, शरीरको रोग प्रतिरोधात्मक समस्या कम हुने लगायत समस्या पनि देखिन्छ । यी सबै स्वास्थ्य समस्याको जोखिम कम गर्न दैनिक सन्तुलित रूपमा पानी पिउनुपर्छ ।






# हेटौंडा उपमहानगर सडक विस्तारका लागि सक्रिय बन्दै

◆ विकास संवाददाता

हेटौंडा बजार क्षेत्रको मुख्य सडक विस्तारका लागि हेटौंडा उपमहानगरपालिकाले आफ्नो सक्रिय बढाएको छ । सडक अतिक्रमण गरेर बनाइएका अस्थायी टहरा हटाउन सुरू गरेर उपमहानगरपालिकाले सडक विस्तार मा सक्रियता देखाउन सुरू गरेको हो । सडक विभागले यसअघि पटक–पटक हेटौंडाको सडक विस्तार गर्न खोजेको थियो । तर सो कार्य सफल हुन सकेको थिएन । सडक विस्तार गर्ने योजना सफल हुन नसक्दा हेटौंडा बजारको सौन्दर्य बिग्रँदै गएका कारण अतिक्रमित संरचना भत्काउन सुरू गरिएको उपमहानगरपालिकाकी मेयर मिना कुमारी लामा बताउँछिन् । हेटौंडा बजार क्षेत्रमा २५ मिटर सडक विस्तार गर्ने कार्य अघि बढाउन सडक डिभिजन कार्यालय हेटौंडासँग समन्वय भइरहेको उनले बताइन् । उनले भनिन्, 'लामो समयदेखि हुन नसकेको सडक विस्तार को काम अब जसरी पनि अघि बढाउनु पर्छ ।' सडक विस्तारकै योजना अनुसार अनधिकृत संरचना हटाउन सुरू गरिएको उनको भनाइ छ ।

सडक डिभिजन कार्यालय हेटौंडाले १५ भदौ २०६९ मा १५ दिनभित्र २५ मिटर चौडाइ सडकमा अतिक्रमित संरचना हटाउन सूचना जारी गरेको थियो । तर उक्त सूचनाको विरूद्धमा सर्वोच्चमा रिट परेको थियो । उक्त रिट विरूद्ध सुनुवाइ गर्दै सर्वोच्च अदालतले ६ कात्तिक २०७६ मा परमादेश जारी गर्दै अतिक्रमित संरचना हटाउन भनेको थियो । २०३४ पछि निर्माण भएका २५ मिटरमा पर्ने कुनै पनि संरचना भत्काउँदा सरकारले क्षतिपूर्ति दिन नपर्ने आदेशमा भनिएको थियो ।

वि.सं. २०२१ देखि २०३४ को बीचमा १३ वर्षको अवधिमा उक्त ७ फिट जग्गा बनाएको संरचना भत्काउँदा मात्रै क्षतिपूर्ति दिन सर्वोच्चले आदेश दिएको थियो । यसैबीच सडक डिभिजन हेटौंडाका प्रमुख राजेशकुमार यादवले सर्वोच्चको फैसला अनुसार नै सडक विस्तारको तयारी भइरहेको बताए । तर सडक विस्तार गर्न पर्याप्त बजेट छैन । 'यहाँको सरोकार र ाख्ने हेटौंडा उपमहानगरपालिकाले २५ मिटर सडक विस्तार गर्न हतार गरिरहेको छ, तर अहिले हामीसँग पर्याप्त बजेट छैन,' यादव भन्छन्, "नेपाल सरकार सडक विस्तारका लागि बजेट हाल्न तयार छैन, एसियाली विकास बैंकसँग ऋणका लागि पहल गरेपनि स्वीकृत भएको छैन ।'

यादवका अनुसार रातोमाटेदेखि राप्ती पुलसम्म (हेटौंडा बजार क्षेत्र)मा एसियन हाइवे स्तरको ६ लेनको करिब ६ किलोमिटर सडक विस्तार गर्नुपर्ने छ । 'यस अगाडि पनि हाम्रो कार्यालयले धेरै प्रयास गर्दा भत्काउन सकेको छैन, यो पटक यहाँ स्थानीय तह तयार छ, हामीसँग बजेटको कमी छ,तर विस्तार गर्नै पर्ने अवस्था पनि रहेको छ' यादव भन्छन् ।

सडक डिभिजन कार्यालयले पटक पटक सडक विस्तारको सूचना निकाले पनि मकवानपुर उद्योग वाणिज्य संघले यसको विरोध गर्दै आएको छ । हेटौंडा उपमहनगरपालिकाका एक कर्मचारीका अनुसार सडक विस्तार गर्नुपर्ने क्षेत्रमा मकवानपुरका ठूला राजनीतिक दल र व्यापारीहरूको घर पर्ने भएकोले यस्तो विरोध हुँदै आएको हो ।

ती कर्मचारी भन्छन्, 'यसअघिका मेयरले पनि धेरै पटक सडक विस्तार प्रक्रिया अगाडि बढाउन खोजेका थिए । तर ठूला नेता र व्यापारीको दबाबका कारण सडक विस्तारको काम अघि बढ्न सकेन ।' २५ मिटर भित्र बागमती प्रदेश पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँ, व्यापारी अरूणराज सुमार्गी लगायतको घर पर्ने ती कर्मचारी बताउँछन् ।

# रेडक्रस दामनको सभापतिमा बस्नेत निर्वाचित

◆ विकास संवाददाता



नेपाल रेडक्रस सोसाइटी उपशाखा दामनको सभापतिमा मनश्याम बस्नेत निर्वाचित भएका छन् । बस्नेतसहित सबै सदस्य सर्वसम्मत निर्वाचित भएका हुन् ।

उपशाखा दामनको उपसभापतिमा गिताका कार्की, सचिव राजाराम र मयमाझी, कोषाध्यक्षमा यादवजंग र ायमाझी, उपसचिव दिपेन्द्र कुमार थिङ तथा उपकोषाध्यक्ष विश्वनाथ रायमाझी निर्विरोध निर्वाचित भएका हुन् ।

सदस्यहरूमा शकुन्तला गोपाली, संगम कार्की, हरेराम उपाध्याय, कमलकुमार खत्री र सुमन रायमाझी निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकारी खेमराज सापकोटाले जानकारी दिए ।

# अनेम संघ थाहानगर अध्यक्षमा पुनः केसी निर्वाचित



◆ विकास संवाददाता

नेकपा एमाले निकट अखिल नेपाल महिला संघ (अनेमसंघ) थाहानगर कमिटीको अध्यक्षमा सुमित्रा केसी पुनः निर्विरोध निर्वाचित भएकी छिन् । सोमबार सम्पन्न नगर सम्मेलनले केसीको अध्यक्षतामा २९ सदस्यीय नगर कमिटी निर्वाचित गरेको छ । कमिटीको उपाध्यक्षमा रामप्यारी नापित, सचिव सावित्री ढकाल, कोषाध्यक्ष सीता ढकाल र सहसचिव लक्ष्मी विक निर्विरोध भए ।

कमिटीको सदस्यहरूमा दुर्गा विडारी, मेनुका प्रधान, डोलकुमारी ढकाल, शोभा लामा, सस्मिता बल, गोमा कार्की, गंगा घले, बिन्दा केसी, सावित्री केसी, शारदा कार्की, सृजना रोका, सानुमैया विक, निर्मला बस्नेत, मनमोहन कुमारी लामिछाने, गोमा श्रेष्ठ, रिया पाख्रीन, सुकुमाया स्याङ्तान, निशा दोङ निर्विरोध भएका हुन् ।

केसीको सभाध्यक्षतामा भएको सम्मेलनमा अनेमसंघ मकवानपुर जिल्ला कमिटी अध्यक्ष सुमित्रा काफ्लेले शपथ ग्रहण गराएका थिए । कार्यक्रममा एमाले जिल्ला सदस्य तथा थाहानगर सह–ईन्चार्ज सुरेन्द्रमान प्रधान, प्रदेश पर्यटन कमिटी सदस्य विमल कुमार ढकाल, बलराम थापा, रामराजा केसी, अनेमसंघ जिल्ला उपाध्यक्ष चमेली बललगायतले शुभकामना व्यक्त गरेका थिए ।

# लटारम्मेश्वर पुग्न छोटो बाटो, पूर्वाधार र खानेपानी सुविधा यसै वर्ष

◆ विकास संवाददाता

मकवानपुरमा पछिल्लो समय निकै चर्चित पर्यटकीय स्थलका रूपमा चिनिएको लटारम्मेश्वर पुग्ने छोटो मार्ग बनाउन भीमफेदी गाउँपालिका लागेको छ । भीमफेदी गाउँपालिकाले दुई करोड भन्दा बढी लगानी गरेर ८ नम्बर वडास्थित लटारम्मेश्वर महादेव मन्दिर पुग्ने सडक र पदमार्ग निर्माण गरिरहेको छ । लटारम्मेश्वर बकैया गाउँपालिका र भीमफेदी गाउँपालिकाको सीमानामा रहेको डब्लूडाँडाको बीचको टाकुरामा रहेको छ ।

हिन्दु धर्मको पौराणिक कथा अनुसार महादेवकी पत्नी सतिदेवीले देहत्याग गरेपछि महादेवले उनको शरीर लिएर हिँडने क्रममा उनको जटा (टाउकोको कपाल) पतन भएको स्थानको रूपमा उक्त क्षेत्रलाई लिइन्छ । सतिदेवीको जटा झरेर पतन भएको पौराणीक कथा अनुसार उक्त स्थानको नाम लटारम्मेश्वर महादेव भएको बताइन्छ । हरेक वर्ष माघे सक्रान्ती र बैशाख १ गते यहाँ विशेष मेला लाग्ने गरेको छ । विगतमा १ माघमा मात्रै लाग्ने गरेको मेला पछिल्ला वर्षमा १ वैशाखमा पनि मनाउन थालिएको छ । लटारम्मेश्वर पुग्ने दुई वटा बाटोहरू छन् । एउटा बकैया गाउँपालिकाको ठिंगन नजिक खोरभञ्ज्याङबाट र अर्को भीमफेदी–८, महादेवटारबाट पुग्न सकिन्छ । खोरभञ्ज्याङबाट भने लटार म्मेश्वर पुग्न निकै टाढा र धेरै पैदलयात्रा गर्नुपर्ने हुन्छ । तर, भीमफेदीतर्फको महादेवटारबाट भने छोटो समयमै लटार म्मेश्वर पुग्न सकिने भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा बताउँछन् । उनका अनुसार महादेवटार भन्दा माथि डाँडासम्म सवारीसाधन पुऱ्याउन गाउँपालिकाले सडक निर्माण गरिरहेको छ ।

सवारीसाधन रोकिएको स्थानबाट करिब १ घण्टाको पैदलयात्रामा लटारम्मेश्वर पुग्न सकिने अध्यक्ष लामाले बताए । गाउँपालिकाले सडक मार्ग र पदमार्ग निर्माणका लागि २ करोड भन्दा बढी खर्चिन बजेट छुट्याइसकेको उनको भनाई छ । बकैयाको खोरभञ्ज्याङबाट भने करिब ४/५ घण्टाको पैदल यात्रापछि मात्रै लटारम्मेश्वर पुग्न सकिन्छ । छोटो र सहज यात्राबाटै लटारम्मेश्वर पुग्न सकिने गरी भीमफेदी गाउँपालिकाले लगानी गरि रहेको हो । लटारम्मेश्वर पुग्न काठमाडौंबाट पनि नजिक पर्दछ । काठमाडौंबाट ललितपुरको बागमती गाउँपालिका हुँदै मकवानपुरको सीमनास्थित बागमती पुल नजिकैबाट भीमफेदीको महादेवटार जाने उकालो लागेपछि लटारम्मेश्वरको फेदीमा पुगिन्छ । धार्मिक पर्यटनका हिसाबले लटारम्मेश्वर महादेवको मन्दिर पर्यटकीय गन्तव्य बनेको छ ।

समुन्द्री सतहबाट एक हजार ८ सय ५६ मिटरको उचाइमा रहेको यो मन्दिर बाट देखिने मनोरम हिमशृंखलाले पर्यटकलाई प्रफुलकित बनाउँछ ।

# पालुङ रेडक्रसको सभापतिमा विडारी

◆ विकास संवाददाता



नेपाल रेडक्रस सोसाइटी पालुङ उपशाखाको सभापतिमा पुनः केदारप्रसाद विडारी निर्वाचित भएका छन् । १८ वैशाखमा नेपाल रेडक्रस सोसाइटी पालुङ उपशाखाको नयाँ कार्यसमिति चयन भएको हो ।

समितिको उपसभापतिमा सावित्रि ढकाल, सचिवमा राजुप्रसाद ढकाल, कोषाध्यक्षमा राजनप्रसाद ढकाल, उपसचिवमा राजनप्रसाद विडारी, उपकोषाध्यक्षमा मिनप्रसाद ढकाल चयन भएको मतदान अधिकृत लक्ष्मण भट्टराईले जानकारी दिए ।

यसैगरी सदस्यमा तुलसा विष्ट, गोपालप्रसाद ढकाल, बलराम ढकाल, अनन्त ढकाल र विष्णुप्रसाद ढकाल चयन भएका छन् ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# गोपाली गाउँमा अल्लोको धागोबाट कपडा बुनाई तालिम



◆ विकास संवाददाता

गरिबी निवारणको लागि लघु उद्यम बिकास कार्यक्रम अन्तर्गत अल्लो धागोको ४५ दिने कपडा बुनाई तथा सिलाई तालिम २१ वैशाखमा समापन भएको छ । थाहा नगरपालिकाको आर्थिक सहयोगमा थाहानगर लघु उद्यम विकास शाखाले संचालन भएको ४५ दिने तालिम थाहा नगरपालिका वडा नम्बर ३ गोपाली गाउँमा समापन गरिएको हो ।

समापन कार्यक्रममा प्रमुख अतिथी थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले नगरपालिकाका महिलाहरू उद्यमी बनेर आयआर्जनमा लागे मात्र अन्य क्षेत्रमा समेत अघि बढ्न सक्ने बताए । उनले उद्यमी बन्न चाहने महिलाहरूलाई नगरपालिकाले आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाए । सीप सिकेको प्रमाणपत्र एउटा हतियार भएको हुनाले यसको प्रयोग गर्न सधैँ तयार हुनुपर्ने उनको भनाइ थियो । अल्लोको कपडा लगाएमा संस्कृतिको जगेर्ना हुने पनि उपप्रमुख गोपालीको भनाइ थियो । महिला हिंसा हटाउन यस्ता सीप सहयोगी हुने उनले प्रतिक्रिया दिए ।

कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले अल्लो कपडा बुन्ने तालिम लिएका महिलाहरूले अब आत्मनिर्भर बनेर अघि बढ्नुपर्ने बताए । त्यसका लागि यथासक्य सहयोग गर्न आफु तयार रहेको उल्लेख गरे । थाहा नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, थाहा नगरपालिका गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)का अधिकृत कुमार नेगी, प्रशिक्षक हरी गोपाल च्यासी, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझीले सीप सिकेर आत्मनिर्भर हुन शुभकामना दिएका थिए ।

१० जना सहभागी रहेको ४५ दिने तालिमबाट आफुहरूले कपडा बुनाई तर्फको चर्खा घुमाउन, टुक्कीमा धागो भर्न, तान लगाउने, कोका-काँगी भर्ने, पाउदानी चलाउने, सटर चलाउन सिक्नुको साथै टोपी र स्टाकोटको कपडा काट्ने सीप सिक्न पाएको सहभागीहरूले बताए । कपडा बुनाई तथा कपडा सिलाई सम्बन्धिको पूर्ण सीप सिकेर व्यवसाय संचालन गर्नका लागि क्षमता विकास तालिमको आबश्यक पर्ने समुहका अध्यक्ष रेश्मा गोपालीको भनाई रहेको छ । तालिम समापन कार्यक्रममा तालिमका सहभागीहरूलाई प्रमाणपत्र र प्रशिक्षकलाई प्रशंसा-पत्र हस्तान्तरण गरिएको थियो । कार्यक्रममा मेड्पाका लघु उद्युम सहजकर्ता दिक्षा पाण्डे, उद्यम विकास सहजकर्ता सुनिता बुढाको उपस्थिति रहेको थियो ।

# लागू औषध गाँजासहित थाहाका वडाध्यक्ष थिङ पक्राउ




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर-७ का वडा अध्यक्ष शिवराज थिङ सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । उनीहरूलाई २ सय २ कलिो लागू औषध गाँजासहित प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरिक्षक टेक बहादुर कार्कीले बताए ।

पक्राउ पर्नेमा वडा अध्यक्ष थिङ सहित भीमलाल थिङ र इन्द्र बहादुर थिङ र हेको उनले बताए । कानुनी कार्बाहिका लागि पालुङ इलाका प्रहरी कार्यालयमा राखिएको प्रहरीले जनाएको छ । १८ वैशाख बिहान ८ बजेको समयमा लागू औषध नियन्त्रण व्यूरो कोटेश्वर काठमाण्डौबाट खटिएको प्रहरी टोली र जिल्ला प्रहरी कार्यालयबाट प्रहरी नायब निरिक्षक उमेश प्रसाद कोईरीको कमाण्डमा खटिगएको संयुक्त टोलीले गाँजा बरामद गरेको हो ।

थाहा नगरपालिका-७ आग्रा बस्ने ७६ वर्षिय भिम बहादुर, ३९ वर्षिय को शिवराज र ६७ वर्षिय ईन्द्र बहादुरको घरमा लागू औषध गाँजा विक्री वितरण गर्ने उद्देश्यले लुकाई राखेको अवस्थामा प्रहरी टोलीले बरामद गरेको हो । भिम बहादुर र शिवराजको घरबाट ३० वटा पोकाहरूमा २७ किलो ग्राम गाँजाको धुलो र ईन्द्र बहादुरको घरबाट १० वटा बोराहरूमा १ सय ७५ किलो लागू औषध गाँजा गरी कुल जम्मा २ सय २ किलो लागू औषध गाँजा तथा धुलो फेला पारेको प्रहरीले जनाएको छ ।

# विष्टलाई आफ्नै विद्यालयमा सम्मान



युवा तथा खेलकुद मन्त्रालयको तथा राष्ट्रिय खेलकुद परिषदको आयोजनामा १५ देखि १७ वैशाखसम्म काठमाडौमा भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको कवड्डी तर्फको राष्ट्रिय प्रतियोगितामा द्वितीय स्थान हासिल गर्न सफल भएकी जनकल्याण माविकी छात्रा निश्कला बिष्टलाई विद्यालयले एक कार्यक्रमको आयोजना गरी सम्मान गरेको छ ।

विद्यालयले २१ वैशाखमा औपचारिक कार्यक्रमको आयोजना गरी खेलाडी विष्टलाई नगद सहित सम्मान गरेको हो। जनकल्याण माविमा कक्षा ११ मा मानविकी संकायमा अध्यनरत बिष्टले थाहानगर छनोटमा प्रथम, जिल्लास्तरीय छनोट, प्रदेश स्तरीय छनोट हुँदै राष्ट्रिय प्रतियोगिताको लागि छनोट भएकी थिइन् ।

थाहानगरको कुनै पनि खेलाडीको लागि यो ऐतिहासिक सफलता भएकोले नगरपालिकाको गौरव बढेको विद्यालयका प्रधानाध्यापक सानोभाइ कार्कीले बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजीव कुमार स्याङ्तानको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि वडा न ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझीले विजेता खेलाडी निश्कला बिष्टलाई सम्मानपत्र प्रदान गरेका थिए ।

कार्यक्रममा विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक शिक्षक रामकुमार बल, कवड्डी प्रशिक्षक राखी लामा, शिक्षक महासंघ थाहाका अध्यक्ष राजाराम कार्की, सहायक प्रधानाध्यापक कृष्ण बहादुर बिष्टलगायत शिक्षक तथा कक्षा ११ का विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

# थाहानगरमा मातृभाषा शिक्षा कार्यक्रम




◆ विकास संवाददाता

स्थानीय तहको भाषा नीति निर्माण तथा तामाङ मातृभाषा शिक्षा कार्यक्रम थाहा नगरपालिकामा सुरू भएको छ । १९ वैशाखमा नेपाल तामाङ घेदुङ संघ बागमती प्रदेश अध्यक्ष लिला कुमार घलानको अध्यक्षता तथा थाहा नगरपालिकाका नगरपालिका प्रमुख विष्णु बहादुर बिष्टको प्रमुख आतिथ्तामा उद्‌घाटन गरिएको हो ।

मातृभाषा तथा स्थानीय विषयमा शिक्षा गुणस्तरिय तथा वैज्ञानिक शिक्षाको सुनिश्चितता भन्ने उद्देश्कासाथ यो कार्यक्रमको सुरूवात गरिएको हो । जिल्लाका १० स्थानीयतहहरू मध्ये मातृभाषा तथा स्थानीय विषयक कार्यक्रम गराउनेमा पहिलो पालिका थाहा नै रहेको नेपाल तामाङ घेदुङका संघीय अध्यक्ष मोहन गोलेको भनाइ छ । गोलेले भने-'मातृभाषामा शिक्षा भनेको व्यक्तिले बोल्ने पहिलो भाषामा पठन पाठन गर्नु हो, यो विषयले विश्वका विभिन्न देशमा मौलिक अधिकार सरहको अधिकार प्राप्त गरेको छ ।'

नेपालमा मातृभाषामा शिक्षा कार्यक्रम वि. सं २०५५ देखि सुरू भएको हो । यसका लागि पाठ्यक्रम विकास केन्द्रले २४ वटा मातृभाषामा प्राथमिक तहसम्मको पाठ्यपुस्तक तयार गरेको छ। थाहा नगर पालिका भित्रका छनोटमा परेका विद्यालयमार्फत एक/एक जना शिक्षक लगाएतको कार्यक्रममा सहभागिता छ । प्रशिक्षकमा माृभाषाका भाषा विज्ञ डाक्टर लोक बहादुर लोप्चन, भाषा आयोगका पुर्व अध्यक्ष लवदेव अवस्थी र नेपाल तामाङ घेदुङ संघका महासचिव काजिमान थिङ तामाङ लगायतका प्रशिक्षकहरूले प्रशिक्षण दिनेछन् ।

थाहा नगरपालिका तथा भाषा आयोग काठमाडौको सहकार्य तथा नेपाल तामाङ घेदुङको बागमती प्रदेश समितीको आयोजनामा उक्त मातृभाषा शिक्षा कार्यक्रम सुरू गरिएको हो । उद्‌घाटन कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, वडा अध्यक्षहरू, थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, थाहानगर शिक्षा शाखा प्रमुख माधव विक्रम मल्ल, तामाङ भाषा तथा लिपि प्रशिक्षक प्रतीक तामाङ, प्रशिक्षक लिला तामाङ, नेपाल तामाङ घेदुङका जिल्ला अध्यक्ष आत्मराम मोक्तान, जिल्ला सचिव किरणमान बल, नगर अध्यक्ष दिपक कुमार लामालगाएत विभिन्न विद्यालयका शिक्षक, थाहानगर शिक्षा समितिका सदस्यहरू तथा स्थानीय शिक्षा प्रेमी व्यक्तित्वहरूको उपस्थित रहेको थियो ।

थाहा नगरपालिकाको नयाँगाउँमा अवस्थित होटल पाइनसमा सुरू भएको कार्यक्रम २३ बैशाखसम्म संचालन हुने छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाईं सराईं, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाईं सराईं गर्दा व्यक्ति आफू मात्र बसाईं सरी गए व्यक्तिले र परिवार नै बसाईं सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# बालविवाह गर्नेमा बालिका बढी !

◆ विकास संवाददाता

मकवानपुरमा बालविवाह गर्नेमा बालक भन्दा बालिका बढी रहेको एक तथ्यांकले देखाएको छ । २० वर्षभन्दा कम उमेर मा विवाह गर्न कानुनले बर्जित गरेता पनि बालविवाह गर्नेमा बालिका बढी रहेको पाइएको हो । सन् २०२२ मा ५ बालक तथा ३१ बालिकाको बाल विवाह रोकिएको सिविन बाल हेल्पलाइन मकवानपुरले जनाएको छ । सन् २०२३ को ४ महिनामा ५ जान बालकको बालविवाह रोकिदा ८ बालिकाको विवाह रोकिएको छ । सन् २०२१ मा मकवानपुर मा १२ बालकको बालविवाह रोकिएको छ भने यसैवर्ष ३८ बालिकाको बालविवाह रोकिएको थियो । मकवानपुरमा हुने बालविवाहमा बालकभन्दा बालिकाको संख्या दोब्बरभन्दा बढी हुने गरेको तथ्यांकले देखाएको छ ।

नेपालमा सन २०३० सम्म बालविवाहमुक्त बनाउने लक्ष्य लिइएको छ । तर, बालविवाह न्यूनीकरणको समस्या झन् झन् चुनौतीपूर्ण हुदै आएको सिविन बाल हेल्पलाईन मकवानपुरका प्रबन्धक झविन्द्र ज्ञवलीले जानकारी दिए । बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार २० वर्ष उमेर नपुग्दै गरिएको बालविवाह स्वत बदर हुन्छ । बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउनेलाई ७५ हजार रूपैयाँसम्म जरिवाना र तीनवर्षसम्म कैद हुन्छ । उमेर पुगेको पुरूषसँग बालिकाको विवाह भएमा कतिपय अवस्थामा बलात्कारको मुद्दासमेत लाग्ने हुन्छ । मुलुकी अपराध संहिता, २०७४ अनुसार १० वर्षभन्दा कम उमेरकी बालिकालाई जवरजस्ती करणी गर्नेलाई जन्मकैद, र दशवर्षदेखि १८ वर्ष उमेरकी बालिका भए उमेर अनुसार सात वर्षदेखि २० वर्षसम्म कैद सजाय हुन्छ । बालविवाह टड्कारो सामाजिक समस्यको रूपमा रहँदा पनि बालविवाह बारेको घटना प्रहरीमा भने दर्ता नै हुने गरेको छैन ।

सन् २०२३ को ४ महिनामा ५ जान बालकको बालविवाह रोकिदा ८ बालिकाको विवाह रोकिएको छ । सन् २०२१ मा मकवानपुरमा १२ बालकको बालविवाह रोकिएको छ भने यसैवर्ष ३८ बालिकाको बालविवाह रोकिएको थियो ।

मकवानपुर जिल्लामा सन् २०२३ मा बालविवाह बारेको एउटा पनि घटना दर्ता भएको छैन । बागमती प्रदेशमा पनि जम्मा ४ वटा मात्रै बालविवाहको मुद्धा प्रहरीमा दर्ता भएको छ । प्रहरीमा मुद्धा दर्ता गरेपछि कानुनी प्रक्रियामै जानुपर्ने र अभिभावकले सकेसम्म बालविवाहको घटनालाई सहमतिमा तत्काललाई रोक्न चाहने गरेको कारण बालविवाहको सवाल प्रहरीमा पुग्दैनन् । बाल हेल्पलाइनमा दर्ता भएकामध्ये ७० प्रतिशत केसहरू आपसी सहमतिमा रोक्न सफल भएको र ३० प्रतिशत केसहरू तत्काललाई रोकिए पनि पुन दोहोरीने गरेको पाइएको छ । पछिल्लो समय अधिकांश बालबालिकाले आफूखुसी गर्ने गरेको विवाहको कारण बालविवाह बढी चुनौतीपूर्ण बन्दै आएको ज्ञवलीले बताए ।

अभिभावबाट लुकेर प्रेममा परी भागेर बालविवाह गरेका यस्ता बालिकाको जीवन तुरून्तै कष्टकर हुने देखिएको उनले बताए । बालविवाह न्यूनीकरणको लागि शिक्षा र पारि वारिक हेरचाहमा विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको सरोकारवालाहरूले बताएका छन् । परि वारको नेतृत्व गर्ने पुरूषहरूले छोराछोरीमा समान व्यवहार गर्नु पर्ने बताइएको छ ।

# व्यवसायीका 'अस्थायी टप' हटाउँदै हेटौंडा

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाको मुख्य सडकका अतिक्रमित टहरा हटाउन सुरू गरिएको छ । उपमहानगरपालिका कार्यालयले हेटौंडाको मेनरोड, राप्तीरोड लगायतका मुख्य बजार क्षेत्रका पछी थपिएका टहराहरू हटाउन सुरू गरेको हो ।

अहिले घरमा अघिल्तीर व्यापार गर्नका लागि सहज हुनेगरी अतिक्रमित संरचना हटाउने तर राजमार्ग विस्तारको काम भने सुरू गरिएको छैन । बजार क्षेत्रमा व्यवसायीहरूले अस्थायीरूपमा घरसँगै जोडेर निर्माण गरेको टपहरू भत्काउन सुरू गरिएको हो । उपमहानगरका अहिले त्रिभुवन राजपथको चौकीटोल ओरालादेखि पूर्वपश्चिम राजमार्गको राप्तिरोड हेटौंडा अस्पताल अगाडिसम्म क्षेत्रमा व्यवसायीले राखेको अस्थायी टप निकाल्ने काम नगर प्रहरीले गरिरहेको छ ।

व्यवसायीले आफ्नो व्यवसायको प्रवर्द्धनका लागि घरभन्दा बाहिर थपेको 'अस्थायी टप' उपमहानगरले हटाइरहेको छ । बजार क्षेत्रको हेटौंडा १, २, ४ र १० नम्बरमा रहेका पसल व्यवसायीले राखेको सामानको प्रचारका लागि घरसँगै जोडेर बनाएको अस्थायी टप हटाउने काम चलिरहेको उपमहानगरपालिकाका उपमेयर राजेश बाँनियाले बताए ।

हेटौंडा उपमहानगरपालिका–१ तर्फ पर्ने त्रिभुवन राजपथ र पूर्व–पश्चिम राजमार्गको हेटौंडा अस्पतालसम्मका व्यवसायीले राखेको करिब ७५ वटा अस्थायी टपहरू हटाइसकेको बताइएको छ । अब उपमहानगरको २, ४ र १० नम्बर वडा क्षेत्रमा रहेका व्यवसायीले बनाएको घरभन्दा बाहिर निकालिएको अस्थायी टप हटाउने भएको छ । अस्वाभाविक ढंगबाट फुटपाथ क्षेत्रलाई कब्जा गरी निर्माण गरिएको 'अस्थायी टप' हटाउने काम जारी रहने उपमहानगरपालिकाले जनाएको छ ।

थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं !

– गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजा लगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।
– संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
– संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
– बासी तथा सडेगलेका खाना नखाऔं,
– घर भित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
| --- | --- | --- |
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी